विर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

# पशु सेवा शाखा

विर्तामोड,झापा
१ नं. प्रदेश, नेपाल

## पशु उत्पादन (गाई भैंसी पालन) /बंगुर प्रवर्द्धन तथा बाखा प्रवर्द्धन सम्बन्धि युवा लक्षित कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको

### युवालक्षित कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित सूचना मिति : २०७४।११।०३**

यस पशु सेवा शाखा विर्तामोड,झापाको आ.व. २०७४/०७५ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ५०% साझेदारीमा युवाहरुलाई **पशु उत्पादन (गाई भैंसी पालन) /बंगुर तथा बाखा प्रवर्द्धन** सम्बन्धि कार्यक्रमको माध्यमबाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक १८ देखि ५० वर्ष उमेरमा अर्धवेरोजगार/बेरोजगार युवाहरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरीएको छ । **प्रस्तावक यूवा वा साझेदारी फार्महरुले सरकारी निकायवाट विगत ३ आर्थिक वर्ष सम्ममा नगद वा वस्तुगत अनुदान सहयोग लिई सकेका फार्महरु छनौट प्रकृयामा समावेस हुने छैनन्** । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५(२०७४।११।१७ गते सम्म) दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनुपर्नेछ । पुनश्च : आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्वारा सुचित गरिन्छ ।

**अनुदान दिने आधारहरुः-**

**१.साना गाई फार्मको लागी ५ देखि १० वटा दुधालु गाई हुनु पर्ने छ ।**
**२.मझौला गाई फार्मको लागी ११ देखि २० वटा दुधालु गाई हुनु पर्ने छ ।**
**३.साना वंगुर फार्मको ०५ माउ वच्चा उत्पादनको लागी र १० वटा वा सो भन्दा वढी मासु उत्पादनको लागी हुनु पर्ने छ ।**
**४.साना तथा मझौला वाखा फार्मको लागी २० वटा प्रजनन योग्य माउ हुनु पर्ने छ ।**
**५.लोकल कुखुरा श्रोत केन्द्र स्थापनाका लागी वार्षिक १००० चल्ला हुर्काउनु पर्ने छ ।**
**६. अनुसूची २ अनुसारको आवेदन फाराम भर्दा रु. ३०० का दरले विर्तामोड नगरपालिकामा राजस्व तिर्नु पर्ने छ ।**

| सि.नं. | संचालन गर्ने कृयाकलाप | संस्या | अनुदान रकम रु. | निजी लगानी रु | जम्मा लगानी रु. |
|---|---|---|---|---|---|
| १ | साना तथा मझौला फार्म गाईमा | ३ तिन | २,५०,०००.०० | २,५०,०००.०० | ५,००,०००.०० |
| २ | साना वंगुर फार्ममा | ३ तिन | २,५०,०००.०० | २,५०,०००.०० | ५,००,०००.०० |
| ३ | साना तथा मझौला फार्म बाखामा | ३ तिन | २,५०,०००.०० | २,५०?०००.०० | ५,००,०००.०० |
| ४ | लोकल कुखुरा श्रोत केन्द्र स्थापना | २ दुई | १,००,०००.०० | १,००,०००.०० | २,००,०००.०० |
| | | | | | |

**पूनश्चः** लोकल कुखुरा श्रोत केन्द्र स्थापनामा उमेरकोको हदवन्दी लागु हुने छैन ।

**तपसिल**

१. अनुसूची २ अनुसारको आवेदन फाराम
२. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
४.व्यावसायीक फार्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी
५. स्थायी लेखा नं. (पान नं.) को प्रतिलिपि
६.अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र पासपोर्ट आदि ) को प्रतिलिपीहरु ।

इन्द्रदेव साह
पशु चिकित्सक

विर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
**पशु सेवा शाखा**
**विर्तामोड,झापा**
**१ नं. प्रदेश ,नेपाल**

## कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित सूचना मिति : २०७४।११।०३**

यस पशु सेवा शाखा विर्तामोड,झापाको आ.व. २०७४/०७५ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ५०% साझेदारीमा तपशिलका कार्यक्रमहरु संचालन गर्नु पर्ने भएको हँदा यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र(२०७४।११।१७ गते सम्म) आवेदन दिनुपर्नेछ। पुनश्च : आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्वारा सुचित गरिन्छ।

**अनुदान दिने आधारहरु:-**

**१. गोठ तथा भकारो सुधार कार्यकम:**

क.गाई /भैसि कम्तीमा २ देखि ५ माउ हुनु पर्ने छ।
ख.वाखा कमतीमा ५ माउ हुनु पर्ने छ।
ग.वँगुर कम्तीमा ३ माउ हुनु पर्ने छ।
घ.तरकारी खेती अनिवार्य गरेको हुनु पर्ने छ।

| सि.नं. | संचालन गर्ने कृयाकलाप | संस्या | अनुदान रकम रु. | निजी लगानी रु | जम्मा लगानी रु. |
|---|---|---|---|---|---|
| १ | गोठ तथा भकारो सुधार गाईमा | ७० | १५,०००.०० | १५,०००.०० | ३०,०००.०० |
| २ | गोठ तथा भकारो सुधार वाखामा | २५ | १५,०००.०० | १५,०००.०० | ३०,०००.०० |
| ३ | गोठ तथा भकारो सुधार वँगुरमा | २५ | १५,०००.०० | १५,०००.०० | ३०,०००.०० |
| ४ | मासु पसल सुधार | ६ | १,००,०००.०० | १,००,०००.०० | २,००,०००.०० |
| ५. | डेरी पसल सुधार | २ | १,००,०००.०० | १,००,०००.०० | २,००,०००.०० |

तपसिल

**पूनश्चय:मासु पसल र डेरी पसल सुधारको लागी तपशिल अनुसारको कागजाहरु पेश गर्नु पर्ने छ र रु.३०० का दरले विर्तामोड नगरपालिकामा राजस्व तिर्नु पर्ने छ।**

**गोठ तथा भकारो सुधार कार्यकममा आवेदन दिनेलाई राजस्व लाग्ने छैन र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ।**

१. अनुसूची २ अनुसारको आवेदन फाराम
२. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
४.व्यावसायीक फार्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी
५. स्थायी लेखा नं. (पान नं.) को प्रतिलिपि
६.अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र पासपोर्ट आदि ) को प्रतिलिपीहरु।

इन्द्रदेव साह
पशु चिकित्सक